# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते,प्यूठान
## लुम्बिनी प्रदेश,नेपाल

प.स.: -२०७८/०७९ मिति :- २०७८/ ०४/ २५

च.नं / सूचना नं. : - स्वास्थ्य-०५

**कोभिशिल्ड र भेरोशिलको खोपको दोस्रो मात्रा लगाउने सम्वन्धी सूचना ।**

प्रस्तुत विषयमा स्वास्थ्य कार्यालय,प्यूठानको च.नं. ३२ ,मिति २०७८/०४/२४ गतेको प्राप्त पत्रानुसार कोभिड १९ विरुद्धको खोप अभियान अन्तर्गत कोभिशिल्ड र भेरोशिल खोपको दोस्रो मात्रा लगाउने अभियान अन्तर्गत झिमरुक गाउँपालिका अन्तर्गतका सवै स्वास्थ्य संस्थाहरुमा खोप केन्द्र राखि संचालन हुने भएकोले तपसिल बमोजिमका लक्षित समूहका नागरिकलाई पहिलो मात्रा खोप लगाएको केन्द्रमा गई स्वास्थ्य मापदण्डको पुर्ण रुपमा पालना गरि खोप लगाउन सम्बन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | दोस्रो मात्रा खोप लगाउने लक्षित समूह | खोप संचालन हुने स्थान | खोप संचालन हुने मिति |
|---|---|---|---|
| १. | यस अघि कोभिशिल्ड खोपको पहिलो मात्रा लगाएका दोस्रो मात्रा खोप लगाउन बाँकी ६५ वर्ष माथिका ज्येष्ठ नागरिक लगायतको समूह । | गाउँपालिका अन्तर्गतका यस अघि खोप संचालन गरेका सबै स्वास्थ्य संस्थाहरुमा जाने । | मिति २०७८/०४/२८ र २९ गते |
| २. | मिति २०७८ श्रावण ७ देखी १० गतेसम्म भेरोशिल खोपको पहिलो मात्रा लगाएका ५५ वर्ष माथिका भेरोशिल खोपको दोस्रो मात्रा लगाउन बाँकी समूह । | गाउँपालिका अन्तर्गतका यस अघि खोप संचालन गरेका सबै स्वास्थ्य संस्थाहरुमा जाने । | मिति २०७८/०४/३१ र ३२ गते |
| ३. | मिति २०७८ श्रावण १७ देखि १९ सम्म भेरोशिल खोपको पहिलो मात्रा लगाएका उद्योग बाणिज्य संघमा आवद्ध व्यवसायी लगाएतको समूह । | स्वास्थ्य कार्यालय विजुवार प्यूठान । | मिति २०७८/०५/०९ र १० गते |

नोट:- भेरोशिल्ड खोपको पहिलो मात्रा लगाएका व्यक्तिहरुले दोस्रो मात्राको खोप लगाउँदा २१ दिन अनिवार्य पुगेको हुनुपर्दछ । पहिलो मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिनुहोला।

..................

हरि प्रसाद पोखेल

नि.प्रमुख प्रशासकीय अधिकृत